


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २१० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन २८ गते बिहीबार ❑ 12 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## दबाव र प्रभावमा परेर फैसला गरेको छैन : प्रधानन्यायाधीश जबरा

**रासस**
**काठमाडौं, २७ साउन**

प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराले न्यायलयमा बसेर न्याय सम्पादन गर्दा आफूले कुनै पनि दबाब र प्रभावमा परेर फैसला नगरेको बताउनुभएको छ।

नेपाल कानून व्यवसायी परिषद्को २८औँ परिषद् दिवस तथा नेपाल बार काउन्सिल ल जर्नल लोकार्पण समारोहमा बुधबारउहाँले इजलास गठन गर्दा वा फैसलामा बेलाबेला प्रश्न उठ्ने गरेको भए पनि आफूले दबाव र प्रभावमा आएर कुनै पनि फैसला नगरेको बताउनुभएको हो। "बेञ्च गठनका विषयमा प्रश्न उठ्यो, मैले वरिष्ठताका आधारमा गठन गरे", प्रधानन्यायाधीश राणाले भन्नुभयो, " प्रश्नहरु छन् तर दबाब र प्रभावमा परेर फैसला गरेको छैन ।" अदालतबाट फैसला हुँदा कमीकमजोरी भए पनि त्यसको मूल्याङ्कन इतिहासले गर्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, "न्यायपालिकाका सबै फैसला ऐतिहासिक हुन्छन्, न्यायाधीश भनेको आत्मा हो, शरीर हुँदैन, गाली पनि लाग्दैन, प्रशंसा पनि लाग्दैन।"



प्रधानन्यायाधीश राणाले कानून र संविधानबमोजिम न्यायपालिकाले फैसला गर्ने गरेको र सबै नागरिकको हितका लागि काम गरेको बताउनुभयो। उहाँले न्यायपालिकाभित्र हुने गल्ती सुधार गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कानून, न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले कानून केबल भाषा र किताबमा मात्र नभएर व्यवहारमा उतार्नुपर्नेमा जोड दिनुभयो। उहाँले कानूनी शासनमा नेपाल राम्रो छ भनेर विश्वमा चिनाउने तरिकाले काम गर्नुपर्ने बताउनुभयो। परिषद्ले प्रत्येक वर्ष स्थापना दिवस मनाउने गरेको छ। सो अवसरमा परिषद्ले बार काउन्सिलको परीक्षामा उत्कृष्ट हुने विद्यार्थीलाई सम्मानसमेत गरेको थियो।

## कास्कीमा ८७ हजार ८३० ले लगाए खोप

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ साउन**

कास्की जिल्लामा हालसम्म ८७ हजार ८३० जनाले कोरोनाविरुद्धको दुवै डोज खोप लगाएका छन्।

जिल्ला स्वास्थ्य कार्यालयका अनुसार १५ हजार ८७० जनाले कोभिशिल्ड, २५ हजारले जोन्सन एण्ड जोन्सन र ४६ हजार ९० जनाले भेरोसेलको दुवै डोज खोप लगाएका हुन्।

कोरोना निवारणका लागि कार्यस्थलमा खटेका, लक्षित वर्ग र विभिन्न उमेर समूहका व्यक्तिलाई प्राथमिकता दिएर खोप लगाइएको कार्यालयका प्रमुख बाबुराम आचार्यले जानकारी दिनुभयो। एक मात्रामात्र लगाए पुग्ने जोन्सन एण्ड जोन्सन खोप २५ हजार जनाले लगाएका छन् । उक्त खोप २५ हजार १५० मात्रा प्राप्त भएकामा १५० खोप वैदेशिक रोजगारीमा जानेहरूका लागि लक्ष्य गरी सुरक्षित राखिएको छ।

यसैगरी भेरोसेलको पहिलो मात्रा लगाउने ४६ हजार ५०० रहेकामा ४६ हजार ९६० ले दोस्रो मात्रा लगाइसकेका छन्। अन्यत्र पहिलो मात्रा लगाएका ४६० जनालाई पनि दोस्रो मात्रा लगाइएको थियो।

यसै गरी जिल्लामा गत फागुनको अन्तिम साता कोभिशिल्डको पहिलो मात्रा खोप लगाएका ३२ हजारलाई पाँच महिनापछि दोस्रो मात्राको खोप दिन लागिएको छ। दोस्रो मात्राको प्रतिक्षामा रहेका ६५ वर्ष र सोभन्दा माथिका उमेर समूहका लागि अस्ट्राजेनिकाको खोप दिइने उहाँले जानकारी दिनुभयो।

कार्यालय प्रमुख आचार्यले भन्नुभयो, "हामीलाई अस्ट्राजेनिकाको ३२ हजार मात्रा खोप प्राप्त भइसकेको छ। अहिले भेरोसेलको दोस्रो डोज लगाउने कार्यक्रम चलिरहेकाले कोभिशिल्डको पहिलो मात्रा लगाएकालाई केही दिनमै दोस्रो डोज दिन शुरु गर्दैछौँ।"

## विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा घिसिङ

**रासस**
**काठमाडौं, २७ साउन**

सरकारले नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा कुलमान घिसिङलाई नियुक्त गरेको छ। चार वर्षे कार्यकाल पूरा गरेर अवकाश पाउनुभएका घिसिङ १० महिनापछि पुनः कार्यकारी निर्देशक नियुक्त हुनुभएको हो।



ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका अनुसार घिसिङलाई चार वर्षका लागि नियुक्त गरिएको छ। यस्तै, प्राधिकरणका कार्यकारी निर्देशक रहनुभएका हितेन्द्रदेव शाक्यलाई जल तथा ऊर्जा आयोगमा कार्यादेशसहित विशिष्ठ श्रेणीको पूर्णकालीन सदस्यका रूपमा नियुक्त गरिएको छ। सोमबार बसेको मन्त्रिपरिषद् को बैठकले घिसिङलाई कार्यकारी निर्देशकमा नियुक्त गर्ने र शाक्यलाई जल तथा ऊर्जा आयोगमा पठाउने निर्णय गरेको थियो । विशिष्ठ श्रेणीको व्यक्तिका लागि आर्थिक दायित्व पर्ने भएकाले अर्थमन्त्रालयबाट स्वीकृति लिनुपर्ने भएकाले नियुक्तिका विषयमा सार्वजनिक गरिएको थिएन । गत भदौमा कार्यकाल सकिएपछि नागरिकस्तरबाट घिसिङको पुनः नियुक्तिका लागि आग्रह गरिए पनि तत्कालीन केपी ओली नेतृत्वको सरकारले उहाँलाई अवकाश दिएको थियो। शेरबहादुर देउवा नेतृत्वको सरकारले देशको ऊर्जा क्षेत्रमा चमत्कारिक परिवर्तन गर्ने लक्ष्यका साथ घिसिङलाई जिम्मेवारी दिएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जानकारी दिएको छ । चरम लोडसेडिङ भइरहेको बेला तत्कालीन पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले घिसिङलाई पहिलो पटक कार्यकारी निर्देशकमा नियुक्त गरेको थियो । सञ्चित घाटा रु २८ अर्ब रहेको प्राधिकरणलाई नाफामा लगेको र लोडसेडिङ पूर्ण रूपमा अन्त्य गरी उज्यालो नेपाल निर्माणका लागि योगदान गरेका कारण घिसिङलाई आम नेपालीले श्रद्धाका साथ हेर्ने गरेका छन्।

दुरुहपूर्ण अवस्थामा पुगेको प्राधिकरणलाई सबल र सक्षम संस्थाका रूपमा विकास गरेको तथा रुग्ण भएका आयोजनालाई सम्पन्न गरेका कारण घिसिङलाई पुनः नियुक्तिको माग हुँदै आएको थियो।

## वन नर्सरी सञ्चालनमा आएपछि स्थानीयवासीमा उत्साह

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ साउन**

वन क्षेत्रको विस्तारसँगै विकास गर्ने लक्ष्यका साथ पोखरा महानगरपालिका-३० खुदीमा वन नर्सरी स्थापना गरी सञ्चालनमा आएपछि स्थानीयवासीमा उत्साह जागेको छ।

लेखनाथ सबडिभिजन वन कार्यालयद्वारा यसै वर्षदेखि सञ्चालित वन नर्सरीले यहाँका स्थानीयवासीमा केही गर्नुपर्छ भन्ने आशा जगाएपछि विभिन्न सङ्घसंस्था एवं स्थानीय बासिन्दाको सक्रियतामा सार्वजनिक तथा निजी जग्गामा वृक्षरोपण अभियान सञ्चालन गरिएको हो । सामुदायिक वन उपभोक्ता महासङ्घ कास्कीका अध्यक्ष विश्वनाथ लामिछानेले पोखराबाट ओझेलमा परेको लेखनाथ क्षेत्रमा सरकार ीस्तरबाटै वन नर्सरी सञ्चालन हुनु आफैँमा महत्वपूर्ण भएको बताउनुहुन्छ । बोटबिरुवा लगाउनका लागि लेखनाथ क्षेत्रमा पर्याप्त जमिन रहेका कारण पनि सञ्चालित नर्सरीले यस क्षेत्रमा वन पैदावारका साथै औषधीय गुणका वनस्पति लगाउने क्रम बढ्ने उहाँले बताउनुभयो । एक/दुईवटा बिरुवा लिन एक दिन लगाएर डिभिजन वन कार्यालयको नर्सरी पोखरा-१६ मा पुग्नुपर्ने बाध्यताको अन्त्य भएको बताउँदै अध्यक्ष लामिछानेले भन्नुभयो, "यसको भरपुर उपयोग गरेर लेखनाथ क्षेत्रमा हरियाली प्रवर्द्धन गर्न स्थानीय बासिन्दा लाग्नु पर्छ । पोखरा-३० द्वारा उपलब्ध गराइएको दुई रोपनी सार्वजनिक जग्गामा यसै वर्ष स्थापना गरी सञ्चालनमा आएको वन नर्सरीमा विभिन्न जातका ५० हजार बिरुवा उत्पादन गरिएको लेखनाथ सबडिभिजन कार्यालयका सहायक वन अधिकृत रामबहादुर विश्वकर्माले जानकारी दिनुभयो।

नर्सरीमा जडीबुटी प्रजातिका कुरिलो, तेजपात, हर्रो, बर्रो, अमलालगायतका १० हजार र निमारो, लप्सी, रिठ्ठा, गुलमोहर, राइखनियो, इपिलइपिल, नासपाती, हलुवावेद, अम्बालगायतका ४० हजार बिरुवा उत्पादन गरेर वितरण गरिएको उहाँको भनाइ छ।

उहाँका अनुसार गण्डकी प्रदेश सरकार वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय, वन निर्देशनालय र डिभिजन वन कार्यालय कास्कीको सहयोगमा नर्सरी स्थापना गरी बिरुवा उत्पादन गर्न आर्थिक वर्ष २०७७/७८ मा रु ५० हजार प्राप्त भएको थियो। पोखरा अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थल सञ्चालनका लागि अप्ठेरो परेका कारण कटिङ गरिएको रिठ्ठेपानी डाँडाको माटो लगेर वडा कार्यालयले उपलब्ध गराएको गहिरो जग्गालाई पुरेर नर्सरी स्थापना गरिएको बताउँदै उहाँले भन्नुभयो, "सुक्खा मौसममा पुरिएको जग्गा बर्सातको समयमा भने नर्सरीभरि पानी जमेको छ। विश्वकर्माका अनुसार नर्सरीमा उत्पादन गरिएका अधिकांश बिरुवा वितरण भइसकेका छन्। विशेषगरी उत्पादित बिरुवा सामुदायिक वन समूहको खाली जग्गामा वृक्षरोपण गरिएको छ । "सामुदायिक वन उपभोक्ता महासङ्घको साप्ताहिकरूपमा मनाइएको सामुदायिक वन दिवसका अवसरमा चापापानी चिसाकुना सामुदायिक वनमा आयोजित वृक्षरोपण कार्यक्रममा वन नर्सरीबाट २०० बिरुवा निःशुल्क उपलब्ध गराइएको हो", उहाँले भन्नुभयो, "अर्को वर्षदेखि मागका आधारमा विभिन्न जातका बिरुवा उत्पादन गर्ने तयारी भइरहेको छ ।" 'सामुदायिक वनको सम्पत्ति, समृद्धि, प्रकृति र संस्कृति' भन्ने मूल नाराका साथ सामुदायिक वन उपभोक्ता महासङ्घ गण्डकी प्रदेश, जिल्ला महासङ्घ कास्की, स्थानीय महासङ्घको संयुक्तरूपमा आयोजित वृक्षरोपण कार्यक्रममा अमला, वडहर, कटहर, हर्रो, बर्रो, हलुवावेद, तेजपात, नासपातीलगायत विभिन्न जातका २०० वटा बिरुवा रोपिएको चापापानी चिसाकुना सामुदायिक वन उपभोक्ता समूहका सचिव सीता सापकोटाले जानकारी दिनुभयो । यसै गरी वन नर्सरीसँगै लेखनाथ सबडिभिजन कार्यालयको पक्की भवन निर्माण सम्पन्न भएको छ । पोखरा महानगरपालिका-३० मा प्राप्त जग्गामा डेढतले पक्की भवन निर्माण गरी कार्यालय सञ्चालनमा आएको हो । नेपाल सरकारको रु ६० लाख लागतमा निर्माण सम्पन्न भएको सो भवनमा एउटा हलसहित चार कोठा छन्।

एकै स्थानमा नयाँ भवन निर्माणसँगै वन नर्सरी स्थापना गरी सञ्चालनमा आएपछि सेवाग्राहीलाई सुविधा पुगेको छ।उक्त सबडिभिजन कार्यालयअन्तर्गत पोखरा महानगरपालिकास्थित लेखनाथ क्षेत्रका वडा नं २६ देखि ३३ सम्मका आठवटा वडा कार्यक्षेत्र रहेको छ।

## बाढीपहिराले मनाङको विकासमा ८० प्रतिशत क्षति

**रासस**
**मनाङ, २७ साउन**

असार १ गतेको गएको बाढीपहिराका कारण मनाङले भौतिक संरचनामा ठूलो क्षति बेहोरेको छ । वर्षासँगै मर्स्याङ्दी नदी र अन्य खोलामा आएको बाढीले मनाङको प्रवेशद्वारस्थित तालगाउँ डुबानमा पऱ्यो।

सदरमुकाम चामे, नासों र नार्पाभूमि गाउँपालिकाका मानव बस्ती बाढी पस्दा भौतिक संरचनामा पूर्ण क्षति पुगेको छ । सशस्त्र प्रहरी बल मनाङ प्रमुख एवं ३२ नम्बर गुल्मका गुल्मपति प्रहरी नायव उपरीक्षक (डिएसपी) होमनाथ पन्थीले जिल्लाका सडक, खानेपानी र विद्युत्विहीन अवस्थामा रहेको बताउनुभयो । डिएसपी पन्थीले मनाङका ८० प्रतिशत सडकमा क्षति पुगेको जानकारी दिनुभयो।

"जिल्लाका तीन लघुजलविद्युत् आयोजना बाढीले बगाएपछि विद्युत् आपूर्ति बन्द छ। खानेपानी अभाव छ। सडक सञ्जालबाट टाढिएका छौँ", उहाँले भन्नुभयो, "लमजुङ-चामे सडकखण्डका सडक र बाटो पूर्णरूपमा क्षतविक्षत छन्, जिल्लासँग जोड्ने झोलुङ्गे र मोटरेकल पुल पनि बाढीले बगायो, चामेबाट ५०० मिटर दायाँबाँया जानसक्ने अवस्था नै छैन।"

त्यस्तै सशस्त्रले अन्तिम विकल्पको रूपमा रहेको सदरमुकाम चामेबाट माथिल्लो मनाङ जाने लाइफलाइनको रूपमा रहेको एक मात्र पुललाई जोगाउनतर्फ लागिपरेको छ । भौगोलिक विकटतामा रहेको मनाङको एकमात्र सडक सञ्जाल टुट्दा सदरमुकाम चामेसँगको सडक सम्पर्कसमेत विच्छेद भएकाले जोखिम मोलेरै पुल जोगाउन लागिएको सशस्त्र प्रहरीले जनाएको छ।

चामेको मोटरेबल पुलमा रहेको अवरोध सशस्त्रले हटाएको डिएसपी पन्थीले जानकारी दिनुभयो । "यही एउटा पुललाई जोगाउन सकियो र माथिल्लो मनाङसँगको सम्पर्क टुट्नबाट जोगिएको छ", उहाँले भन्नुभयो, "हामीसँग भएको तालिमप्राप्त जनशक्तिलाई प्रयोगबाट जोगाउन सफल भएका छौँ ।" डिएसपी पन्थीका अनुसार मनाङका आठ वटा झोलुङ्गे पुल, तीन वटा काठबाट बनेका मोटरेबल पुल बाढीले बगाएको छ । त्यस्तै तिमाङ, चामे र तिल्चेमा रहेका तीन वटा लघुजलविद्युत् आयोजना

बाँकी अन्तिम पृष्ठमा ▶▶



# लुम्बनी प्रदेशका मुख्यमन्त्री पोखरेलद्वारा राजीनामा

**रासस**
**बुटवल, २७ साउन**

लुम्बिनी प्रदेशका मुख्यमन्त्री शङ्कर पोखरेलले आज राजीनामा दिनुभएको छ।

मुख्यमन्त्री पोखरेलले प्रदेश प्रमुख अमिक शेरचनलाई राजीनामा बुझाएको प्रदेशसभामा नेकपा एमालेका प्रमुख सचेतक भूमिश्वर ढकालले जानकारी दिनुभयो। विपक्षी गठबन्धनले माओवादी केन्द्र संसदीय दलका नेता कुलप्रसाद केसीलाई भावी मुख्यमन्त्रीका रूपमा प्रस्ताव गरेको छ। एमाले र माओवादी केन्द्रबीच चुनावी गठबन्धनबाट पोखरेल दाङ क्षेत्र नं २ (१) बाट प्रदेशसभा सदस्य निर्वाचित हुनुभएको थियो।

मुख्यमन्त्री पोखरेलले राजीनामा पत्रमा नेपालको संविधानको धारा १६८ (१) बमोजिम नियुक्त मुख्यमन्त्रीलाई संविधानको धारा १८८ को (४) मा नियुक्त भएको पहिलो दुई वर्षसम्म अविश्वासको प्रस्ताव पेस गर्न नसकिने संवैधानिक प्रावधान भए पनि विगत केही समयदेखि लुम्बिनी प्रदेशसभामा उठेका विषयलाई दृष्टिगत गर्दै उपयुक्त समयमा विश्वासको मत लिने विषयमा सचेत हुँदै सो व्यहोरामा प्रदेश प्रमुखसमक्ष जानकारी गराएको उल्लेख गर्नुभएको छ।

उहाँको राजीनामा पत्रमा विद्यमान अन्योलको अन्त्य गरी मार्गप्रशस्त गर्न नेपालको संविधानको धारा १६९ (१) क बमोजिम राजीनामा दिएको समेत उल्लेख छ। साउन १९ गते विपक्षी चार दल गठबन्धनका ३४ प्रदेशसभा सदस्यले मुख्यमन्त्रीविरुद्ध तेस्रोपटक अविश्वास प्रस्ताव दर्ता गरेका थिए।

त्यसअघि वैशाख ६ गते पनि पोखरेलविरुद्ध अविश्वास प्रस्ताव दर्ता भएको थियो। त्यसमाथि छलफल गर्न वैशाख १९ गते विशेष अधिवेशन बोलाएकै दिन बिहान पोखरेलले राजीनामा दिएर एमालेको एकल बहुमत दाबी गर्दै दोस्रोपटक मुख्यमन्त्री नियुक्त हुनुभएको थियो। ८७ सदस्यीय प्रदेशसभामा हाल ८० प्रदेशसभा सदस्य हुनुहुन्छ। बुहुमतको सरकार गठन गर्न ४१ प्रदेशसभा सदस्यको सङ्ख्या आवश्यक हुन्छ। विपक्षी गठबन्धनसँग कांग्रेसका १९, माओवादी केन्द्रका १८, जसपाका तीन र जनमोर्चाका एक गरी ४१ सदस्य भएको बताइएको छ।

प्रदेश सरकार गठन हुँदा विसं २०७४ मा संविधानको धारा १६८ को उपधारा २ बमोजिम माओवादीको समर्थनमा सरकार बने पनि विसं २०७५ जेठ ३ गते एमाले र माओवादी एकीकरण भई नेकपा बनेपछि संविधानको धारा १६८ को उपधारा १ बमोजिम बहुमत प्राप्त सरकार बनेको थियो।

यसैबीच मुख्यमन्त्री पोखरेलले राजीनामा बुझाएर फर्केलगत्तै कर्मचारीहरूसँग बिदा हुनुभएको छ। सो अवसरमा सम्बोधन गर्दै उहाँले स्थायी सरकारका रूपमा रहेको कर्मचारी वर्गको मुख्य भूमिका रहेकाले सङ्घीयतालाई अझ मजबुद गराउन आवश्यक भएको बताउनुभयो।

मुख्यमन्त्री पोखरेलले सरकारले आफ्नो कार्यकालमा प्रभावकारी काम गरेको उल्लेख गर्दै प्रदेश सरकार गठन भएको एक वर्षको छोटो अवधिमा प्रदेशको आवधिक योजना निर्माण गर्न सफल भएको बताउनुभयो। उहाँले प्रदेश सरकारले सो आवाधिक योजनाका आधारमा सात प्रदेशमध्ये लुम्बिनी प्रदेशले व्यवस्थित कार्ययोजनासहित नीति, कार्यक्रम र बजेट निर्माण गर्न सकेको जानकारी दिनुभयो।

# ३४८१ संक्रमित थपिए

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ साउन**

एकै दिन बुधबार तीन हजार ४८१ मा कोभिड-१९ पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार १६ हजार ६५६ मा गरिएको परीक्षणमा तीन हजार ४८१ मा कोरोना सङ्क्रमण पुष्टि भएको हो। विगत २४ घण्टामा एक हजार ८८५ निको भई घर फर्किएका छन्। आजसँगै कुल छ लाख ७५ हजार ८३ निको भई घर फर्किएका हुन्। नेपालमा निको हुने दर ९३.६ प्रतिशत छ।

यस्तै विगत २४ घण्टामा कोभिडका कारण ३० जनाको निधन भएको छ। अहिलेसम्म कूल १० हजार १८० जना को कोरोना सङ्क्रमणबाट निधन भएको छ। हाल मृत्युदर एक दशमलव पाँच प्रतिशत रहेको छ। आज सङ्क्रमणर दर २४ प्रतिशत रहेको छ। यसैगरी ७९६ जना सघन उपचार कक्ष (आइसियु), १८४ जना भेन्टिलेटरमा उपचार गराइरहेका छन्। यस्तै ३४ हजार ११३ जना होमआइसोलेसन, तीन हजार २२० संस्थागत आइसोलेसन, ३९९ जना क्वारेन्टिनमा रहेका छन्। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या ३८ हजार ३३ रहेको छ। आज थपिएकासँगै हाल नेपालमा सात लाख २३ हजार २९६ सङ्क्रमितको सङ्ख्या पुगेको छ। उपत्यकामा ९४६ काठमाडौं उपत्यकामा आज ९४६ मा सङ्क्रमण पुष्टि भएको छ। जसमा काठमाडौंमा ६६३, ललितपुरमा १९२ र भक्तपुरमा १०९ सङ्क्रमित थपिएका हुन्।



नर्सरीमा हुर्के हर्रोको बिरुवा : पोखरा महानगरपालिका- ३० खुदीस्थित लेखनाथ सव डिभिजन कार्यालयले पहिलोपटक स्थापना गरी सञ्चालनमा ल्याएको वन नर्सरीमा हुर्केका हर्रोका बिरुवा। नर्सरीमा विभिन्न जातका ५० हजार बिरुवा उत्पादन गरी वितरण गरिएको हो। तस्वीर : हरि बास्तोला

# दुई वर्षभित्र पूर्ण विद्युतीकरण गर्छौं : ऊर्जामन्त्री भुसाल

**रासस**
**काठमाडौं, २७ साउन (रासस)**

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले २० युनिटसम्म खपत गर्ने विपन्न वर्गका ग्राहकलाई निःशुल्क विद्युत् उपलब्ध हुने तथा दुई वर्षभित्र पूर्ण विद्युतीकरण गरिने बताउनुभएको छ। मन्त्रालयमा बुधबार आयोजित पत्रकार सम्मेलनमा उहाँले विपन्न वर्गलाई निःशुल्क विद्युत् उपलब्ध गराउने सम्बन्धमा नेपाल विद्युत् प्राधिकरण सञ्चालक समितिले निर्णय गरिसकेको छिट्टै कार्यान्वयनमा ल्याइने जानकारी दिनुभयो। उहाँले सामाजिक उत्तरदायित्वअन्तर्गत गरिबीको रेखामुनी रहेका जनतालाई निशुल्कः विद्युत् उपलब्ध गराउन लागिएको जानकारी दिनुभयो। नेपाल विद्युत् प्राधिकरण र सामुदायिक ऊर्जा उत्पादनका गरी २६ लाखभन्दा बढी ग्राहकले यस्तो सुविधा पाउने पाउनेछ। ऊर्जामन्त्री भुसाल भन्नुभयो, “विद्युत् खपत बढाउन, आयातित ग्यासलाई विस्थापन गर्दै आफ्नै देशमा उत्पादन हुने विद्युत्को उपभोग बढाउन अभिप्रेरित गर्नका लागि विद्युत् महसुल समायोजन गर्ने निर्णय भएको छ।”

# पोखरामा खुल्यो स्कोडाको शोरुम

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ साउन**




जर्मनी प्रविधिको स्कोडा गाडीको शोरुम पोखरामा खुलेको छ। पोखराको नयाँबजार स्थित एस.एस.एल.मोटर्स प्रा.लि.स्कोडाको लागि पोखरा क्षेत्रको आधिकारिक बिक्रेता तय भएको छ।

शोरुमको बुधबार एक कार्यक्रम पोखरा उद्योग वाणिज्य संघका उपाध्यक्ष अर्जुन पोखरेल लगायतले उद्घाटन गरे। उक्त अवसरमा बोल्दै पोखरेलले जर्मन प्रविधिको स्कोडा गाडी पोखरा क्षेत्रमा थप लोक प्रिय हुने विश्वास व्यक्त गरे। उनले सरकारको निजी क्षेत्रप्रतिको दृष्टिकोण सकारात्मक हुनपर्ने औंल्याए। स्कोडाको लागि नेपालको आधिकारिक वितरक एमएडब्ल्यु इन्टरप्राइजेजले एस.एस.एल. मोटर्सलाई बिक्रेता नियुक्त गरेको हो। पोखराको नयाँबजारमा रहेको एस.एस.एल.मोटर्सलेस्कोडागाडीको बिक्री तथा बुकिङ सुरु गरिसकेको छ। डिलर सुरु गरेसँगै प्रा.लि.ले स्कोडाको बहुप्रतिक्षित एसयुभी कुशाकको बुकिङ पनि सुरु गरिसकेको निर्देशक सूर्यप्रसाद बरालले जानकारी दिए।

कार्यक्रममा कम्पनीको गाडी प्रयोगकर्ता एवं समाधान मिडिया प्रा.लिका अध्यक्ष उमनाथ बरालले ड्राइभिङ्गमा सहजता हुने भएकाले स्कोडी आफ्नो रोजाई भएको बताए। एमएडब्ल्यु इन्टरप्राइजेज स्कोडा डिभिजनका डिलर मेनेजर विजयथापाले कमिकमजोरी सुधार्दै उत्कृष्ट सेवाप्रदान गरिने प्रतिवद्धताव्यक्त गरे। स्कोडाको कुशाक एसयूभी २ साता अगाडि मात्रै नेपालीबजारमा सार्वजनिकभएको हो। एक्टिभ, एम्बिसन र स्टाइल गरी तीन ट्रिममा उपलब्ध हुने स्कोडा कुशाक सबै गरी ५ भेरिएन्टमा बजारमा उपलब्ध छन्। स्कोडा कुशाकको सुरुवाती भेरिएन्ट एक्टिभम्यान्‌ुअल ट्रान्स मिसनको मूल्य ४९ लाख ९० हजार रुपैयाँतोकिएको छ।

एम्बिसन म्यानु अल ट्रान्समिसनको मूल्य ५३ लाख ९० हजार र अटोमेटिक ट्रान्समिसनको मूल्य ५८ लाख ९० हजार रुपैयाँतोकिएको छ। स्टाइलम्यानुअलट्रान्समिसनकोमूल्य ६० लाख ९० हजार र अटोमेटिकट्रान्समिसनको मूल्य ६५ लाख ९० हजार रुपैयाँतोकिएको छ।

# बाढीपहिरो...

पनि बाढीले बगाएको छ। मनाङ प्रवेश गरेपछिका ८० प्रतिशत सडक पूर्णरूपमा ध्वस्त भएका छन्। उहाँका अनुसार हालसम्म मनाङले मानवीय क्षति भने बेहोर्नुपरेको छैन। वर्षापछि बढेका खोला अझै घटेका छैनन्। वर्षा हुने क्रमसमेत जारी नै रहेकाले खोलाखोल्सी घटेका छैनन्। “अब पहिलेकै अवस्थामा पुर्नजीवित गर्न त दुई वर्ष लाग्न सक्ने अनुमान गरिएको छ”, पन्थी भन्नुहुन्छ, “सङ्घीयता आएपछि भएको चार वर्षको विकासको ८० प्रतिशत पूर्णरूपमा क्षति भएको छ। बस्ती नै स्थानान्तरण गर्नुपर्ने भएकाले एकदम जोखिम अवस्थामा छ।”






# लुम्बिनीमा आलोपालो नेतृत्व गर्ने सहमति

**रासस**
**काठमाडौं, २७ साउन (रासस)**

लुम्बिनी प्रदेशमा मुख्यमन्त्री शङ्कर पोखरेलको राजीनामापछि नयाँ सरकार गठन प्रक्रिया शुरु भएको छ।


नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र), जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चासहितको गठबन्धनले नयाँ सरकार गठनका लागि तयारी गरेका हुन्। जसमा मुख्यमन्त्रीमा आलोपालो नेतृत्व गर्ने विपक्षी गठबन्धनबिच सहमति भएको छ। मुख्यमन्त्रीमा माओवादी केन्द्र र काँग्रेसले आलोपालो गर्ने सहमति भएको माओवादी केन्द्रका संसदीय दलका नेता कुलप्रसाद केसीले जानकारी दिनुभयो। प्रदेश प्रमुख अमिक शेरचनले सरकार गठनको आह्वान गरेलगत्तै नेता केसीको नेतृत्वमा नयाँ सरकार बनाउने गठबन्धनले तयारी गरेका छन्। जनता समाजवादीलाई सरकारमा सहभागी बनाउने र राष्ट्रिय जनमोर्चा भने सरकार बाहिरै बसेर सहयोग गर्ने निर्णय भएको काँग्रेस संसदीय दलका नेता वीरेन्द्र कानोडियाले बताउनुभयो।

आलोपालो नेतृत्व गर्ने सहमतिअनुसार आगामी फागुन २ गतेसम्म माओवादी केन्द्रका संसदीय दलका नेता केसीले नेतृत्व गर्ने र त्यसपछि काँग्रेस दल नेता कानोडियाले नेतृत्व गर्ने सहमति भएको छ। केसीको नेतृत्वमा बन्ने सरकारमा तत्काल प्रत्येक दलबाट एक-एक जना मन्त्री हुने र विश्वासको मत लिएपछि विस्तार गर्ने सहमति भएको नेता कानोडियाले बताउनुभयो।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

न्यायमा ढिलो गर्नु अन्यायलाई स्वीकार्नु हो ।

–लेडस्टोन

## सम्पादकीय

# लुम्बिनीमा ढल्यो एमाले सरकार

तीन वर्षअघि जनताको विश्वास जितेर सरकारको नेतृत्व गरेको नेकपा एमाले नेताहरूको  विवादले ठूलो धक्का खेपिरहेको छ। एमाले अध्यक्ष केपी शर्मा ओली सरकारसंगै ओली निकट लुम्बिनी प्रदेशका मुख्यमन्त्री शंकर पोखेलले राजिनामा दिएका छन। अविश्वासको प्रस्ताव पारित हुने अवस्था देखिएपछि मुख्यमन्त्री पोखरेलले दिएको राजीनामा प्रदेश प्रमुख अमिक शेरचनले स्वीकृत गरिसकेका छन्। यससँगै प्रदेशमा एमाले नेतृत्वको दोस्रो सरकार ढलेको छ। तीन वर्षअघि आरामदायी बहुमतसहितको संघीय सरकारको नेतृत्व गर्दैगर्दा तत्कालीन एमालेले प्रदेशमा पनि चार सरकारको नेतृत्व पाएको थियो । अन्य दुई प्रदेश सरकार भने वाम गठबन्धनको अर्को सहयात्री दल माओवादी केन्द्रले पाएको थियो। चुनावपछि एमाले र माओवादी मिलेर नेपाल कम्युनिष्ट (नेकपा) पार्टी बन्यो । तर, नेकपाभित्रको आन्तरिक किचलोले तीन वर्षपछिको एमाले पाखा लाग्दैछ। सर्वोच्च अदालतले नेकपा एकता बदर गर्दै एमाले र माओवादी केन्द्र ब्युँताइदिएको छ। एमाले विवादले गर्दा एकल बहुमत रहेको वाग्मती र प्रदेश १ सरकार पनि जुनसुकै बेला ढल्ने अवस्था छ।एमाले अध्यक्ष ओली २८ असारमा सर्वोच्च अदालतले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई नियुक्त गर्न परमादेश दिएपछि बाहिरिनु परेको थियो। ओली अघि गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङको सरकार ढलेको थियो।

ओलीको प्रतिनिधिसभा विघटनको कदमलाई सघाएको निहुँमा शंकर र पृथ्वीसुब्बा बाहिरिनु परेको छ।संघीयताको लागि लड्ने पोखेल र गुरुङको सरकार ढाल्नु काङ्ग्रेस, माओवादी र जसपाले प्रदेशलाई कमजोर बनाउने काम हो । सरकारलाई अस्थिर बनाउने र बाँडिचुडी खाने काम मात्रै हो। एमालेभित्रकै असन्तुष्ट पक्षले  अन्तर पार्टी संघर्ष नगरी काङ्ग्रेस सभापति शेर बहादुर देउवालाई प्रधानमन्त्री बनाउन माग गर्दै सर्वोच्च अदालतमा रिट हालेपछि त्यसको फैसला गर्दै अदालतले ओलीलाई सरकारबाट विस्थापन गरेको थियो । नेपाली जनताले नेकपालाई पूरा पाँच वर्ष सरकार चलाउने 'म्याण्डेड' थियो।

ओलीको बहिर्गमनपछि पनि एमालेको सत्ता गुम्ने सिलसिला भने रोकिएको छैन । संघमा सत्ता गुमेसँगै एमालेले दुई प्रदेश सरकार गुमाएको छ भने दुई ठाउँमा सरकार गठनको अवसर गुमाएको छ । आफ्नै दलका दुई सांसदको राजीनामा र एकले दल परिवर्तन गरेका कारण पोखरेल अप्ठ्यारोमा थिए। आफूविरुद्ध संसदमा दर्ता भएको अविश्वास प्रस्ताव पारित हुने अवस्था देखेपछि पोखरेलले त्यसको सामना नगरी राजीनामाको बाटो रोजेका हुन्। पोखरेल २०७४ फागुन ३ गते पहिलो पटक मुख्यमन्त्री नियुक्त भएका थिए। संविधानको धारा १६८ को उपधारा २ बमोजिम दुई दल (एमाले र माओवादी केन्द्र) को समर्थनसहित उनी मुख्यमन्त्री बन्दा निकै सहज थियो। तर, पार्टीभित्रको विवादले उनको सरकारलाई पनि असर गऱ्यो।

नेकपामा आएको विभाजन र एमालेमै रहेको विवादका कारण पोखरेलले १९ वैशाख २०७८ मा पनि राजीनामा दिएका थिए । त्यतिबेला पनि उनले आफूविरुद्धको अविश्वास प्रस्तावको सामना नगरी राजीनामाको बाटो रोजेका थिए । तर, उनी बिहानै राजीनामा दिएर सोही दिन अबेर संविधानको धारा १६८ को उपधारा १ बमोजिम पुनः मुख्यमन्त्री नियुक्त भएका थिए। आफ्नो कार्यकालमा निकै चुनौतीपूर्ण रहेको प्रदेशको राजधानी निर्धारण गर्ने विषयलाई कुशलतापूर्वक टुंग्याएका र बजेट खर्चमा तुलनात्मकरूपमा सफलता पाएका कारण उनको प्रशंसा पनि भएको थियो । संघीयता कार्यान्वयनका दृष्टिले अन्य प्रदेशका मुख्यमन्त्रीभन्दा तुलनात्मकरूपमा सफल मानिएका थिए पोखरेल। लुम्बिनीमात्रै होइन, गण्डकीमा पनि एमाले सरकारबाट बाहिरिनुपरेको थियो । गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ प्रदेशसभाबाट विश्वासको मत लिन असफल भएपछि त्यहाँको सरकार ढल्यो। कर्णालीका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीलाई हटाउने प्रयासमा एमालेकै चार सांसद बाधक बनेका थिए । ३ बैशाख २०७८ मा विश्वासका मत लिँदा एमालेका ४ सांसदले 'फ्लोर क्रस' गरी मतदान गरेपछि शाहीको सरकार जोगिएको थियो। एमाले प्रदेश संसदीय दलका नेता यामलाल कँडेलको सरकार बदल्ने प्रयासमा एमालेका माधव नेपाल पक्षका प्रदेश सांसदहरु प्रकाश ज्वाला, अमरबहादुर थापा, कुर्मराज शाही र नन्दसिंह बुढा बाधक बनेका थिए। उता सुदूरपश्चिममा पनि सरकार बदल्ने एमालेको प्रयास सफल हुन सकेन। सुदूरपश्चिमका मुख्यमन्त्री त्रिलोचन भट्टले पनि एमाले भित्रको घरझगडाकै कारण सानो दलको नेता हुँदाहुँदै विश्वासको मत पाउने अवस्था बन्यो। प्रतिनिधिसभा र छ वटा प्रदेश सभामा ठूलो दल बनेको एमालेको सरकार विस्थापन मात्रै भएको छैन ती सरकारले गरेका नियुक्ति फेरिने, निर्णय उल्टाउने काम हुन थालेको छ।अध्यक्ष ओली र बरिष्ठ नेता माधवकुमार नेपालको ईगोले गर्दा कम्युनिस्ट पार्टीलाई विश्वास गर्ने जनताको मतको अनादर भएको छ। आउँदो स्थानीय तह र प्रदेश, संघको निर्वाचनमा सजाय भोग्ने दिन आउनेछ।



## तपाईंको आज

| | | | | | |
|---|---|---|---|---|---|
| मेष | : | मानसिक तनाब | तुला | : | शत्रुको भय |
| वृष | : | मन चञ्चल | वृश्चिक | : | सम्मान मिल्नेछ |
| मिथुन | : | शारीरिक झमेला | धनु | : | सहयोग मिल्नेछ |
| कर्कट | : | झमेला बड्ने | मकर | : | आर्थिक समस्या |
| सिंह | : | कार्यमा सफलता | कुम्भ | : | सत्कार मिल्नेछ |
| कन्या | : | अप्रत्यसित लाभ | मीन | : | ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पोखरामा विमानस्थल बन्यो, अब प्याराग्लाइडिङको चिन्ता

–जमुना वर्षा शर्मा

**पोखरा, २७ साउन (रासस)**

पोखरा प्राकृतिक सुन्दरतासँगै साहसिक पर्यटनको सहरका रूपमा पनि परिचित छ । पोखराको प्याराग्लाइडिङले साहसिक पर्यटनका क्षेत्रमा धेरै पर्यटकको मन जितेको छ। यहाँ आउने आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पछिल्लो पटक प्याराग्लाइडिङ पनि पर्ने गरेको छ।

पहिलो चरणको कोरोना महामारीको बन्दाबन्दीपछि खुलेको समयमा त पोखराको प्याराग्लाइडिङ आन्तरिक पर्यटकको पनि विशेष रोजाइमा पऱ्यो । सायद महिनौँदेखि घरमै थुनिएर बस्नु परेका नेपालीहरू बन्दाबन्दी खकुलो भएसँगै राम्रोसँग रमाउन चाहेर पनि हुनसक्छ, पोखरा आएका धेरैले प्लाराग्लाइडिङ नै रोजेका थिए । पोखराको पर्यटनलाई चलायमान बनाउन पनि यसले निकै सहयोग पुऱ्यायो । कम्पनीले ५० देखि ६० प्रतिशत छुटसहित दैनिक पाँच सयदेखि सात सय उडानले पोखराको आकाशलाई रङ्गीन बनाएको थियो भने आन्तरिक पर्यटक बढ्दा व्यवसायीमा पनि बन्दपछिको अवस्थामा केही आशा पलाएको थियो। यतिबेला पोखराको पर्यटन फेरि कोरोना भाइरसको नयाँ प्रजातिका कारण क्षेत्र ठप्प छ । पर्यटन व्यवसायीहरू सहज खोप र पर्यटनमैत्री नीति ल्याएर यस क्षेत्रका व्यवसायीलाई विस्थापित हुनबाट जोगाउन सम्बन्धित निकायको ध्यानाकर्षण गराइरहेका छन्। यसैबीच पोखराको क्षेत्रीय विमानस्थलको निर्माण कार्य अन्तिम चरणमा पुगिरहँदा यस क्षेत्रका प्याराग्लाइडिङ व्यवसायीहरू व्यवसायको भविष्य खोज्दै निरन्तरताको खोजीमा जुटेका छन्।

सन् २०१७ मा पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य प्रारम्भ भएदेखि नै पोखराको सराङकोटबाट प्याराग्लाइडिङ उडान निरन्तरता हुन सक्छ कि सक्दैन भन्ने विषयले चर्चा पाएको थियो । अहिले विमानस्थलको काम करिब ८२ प्रतिशत सम्पन्न भइसकेको छ । निकट भविष्यमै सञ्चालनमा आउन लागेको विमानस्थलका कारण वर्षौंदेखि सञ्चालन भइरहेको प्याराग्लाइडिङ विस्थापित गर्नुपर्ने अवस्था आउने त होइन भन्ने चिन्ता यतिबेला व्यवसायीमा देखिएको छ।

यसैबीच हवाई खेलकुद संस्था (ना) को टोलीले केही दिनअघि विमानस्थलको अवलोकन गरेर व्यवस्थापनसमक्ष प्याराग्लाइडिङ व्यवसायीका संस्थागत धारणाहरू राखेको छ । संस्थाका अध्यक्ष कृष्ण भण्डारीले पोखराको साहसी खेलका रूपमा ब्रान्डिङ भएको प्याराग्लाइडिङलाई उच्चतम प्रविधि र व्यवस्थापनमा जोड दिएर सोही स्थानबाट निरन्तरता पाउनेमा आफू विश्वस्त रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "केही प्राविधिक कुराहरू देखाइएको छ तर उच्च प्रविधिको प्रयोगसँगै व्यवस्थापन गर्न सक्यो भने उडान असम्भव छैन, सिङ्गापुरमा प्रत्येक सेकेन्डमा हवाई उडान सम्भव छ भने यहाँ यी कुराहरू व्यवस्थापन गर्न असम्भव छैन ।" उहाँले नेपालकै लुक्लास्थित तेन्जिङ हिलारी विमानस्थल विश्वकै जोखिमयुक्त विमानस्थलमध्ये एक नम्बरमा रहे पनि कुशल व्यवस्थापनका कारण सुरक्षाको प्रत्याभूतका साथ सञ्चालन भइरहेको उदाहरण दिनुभयो। "नागरिक उड्डयन प्राधिकरणले पनि कुशल व्यवस्थपनमा जोड दिन सके विमानस्थल सञ्चालनसँगै प्याराग्लाइडिङ सञ्चालनमा बाधा पुग्दैन", भण्डारीले भन्नुभयो । विमानस्थल निर्माण कार्य अन्तिम चरणमा पुग्दै गर्दा अब हुने ' अपरेशन प्रोस्युडियर डिजाइन'मा प्याराग्लाइडिङलाई पनि सोही स्थानमा सञ्चालन गर्न सक्ने गरी योजना बनाउन व्यवस्थापनसमक्ष माग गरेको बताउनुभयो । संस्थाका महासचिव बलराम आचार्यले पोखरामा प्याराग्लाइडिङ उडान प्राविधिक हिसाबले समस्या देखिएको हो भने अन्तर्राष्ट्रिय अभ्यासहरू हेरेर सोही मोडेलअनुरुप निरन्तरता दिन सकिने बताउनुहुन्छ । "समस्याहरू होलान् तर समाधान हुनै नसक्ने समस्या देखिँदैन, मात्र विज्ञले 'सेफ जोन' बनाएर नीतिनियमको कडाइका साथ पालन गर्ने हो भने विमानस्थलसँगै प्याराग्लाइडिङ पनि उडान गर्न सकिन्छ", आचार्यले भन्नुभयो । पर्यटकीय गतिविधिको एउटा उत्पादन प्याराग्लाइडिङ पनि भएकाले यसलाई यहाँबाट विस्थापित गर्दा पर्यटकीय आकर्षण कमी आउन सक्ने अनुमान उहाँको छ। उहाँले २०७६ साल भदौ १६ गते नागरिक उड्डयन मन्त्रालयको निर्णयअनुसार पाराग्लाइडिङ सञ्चालन तथा व्यवस्थापनसम्बन्धी अध्ययन गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणका उपनिर्देशक सुभाष झाको संयोजकत्वमा आठ सदस्यीय कार्यदल गठन भएको र त्यसले क्षेत्रीय विमानस्थल सञ्चालनमा आएपश्चात् आउने अवस्थाका बारेमा जानकारी गराएको बताउनुभयो । कार्यदलले प्याराग्लाइडिङबारे बुझाएको प्रतिवेदनमा दुई विकल्प उल्लेख छ। पहिलो विकल्पमा साबिकको क्षेत्रबाट सेवा सञ्चालन गर्नका लागि केही सर्त अघि सारेको छ जसमा आधुनिक प्रविधिको प्रयोग गर्दै वा अन्य कुनै व्यवस्थापकीय माध्यम अपनाई यस्तै प्रकृतिका अन्तर्राष्ट्रिय विमानस्थल आसपासमा प्याराग्लाइडिङ अपरेशन गरिरहेका स्विट्जरल्यान्ड, इटाली, फ्रान्स लगायतका देशले अवलम्बन गरेका नमूनास्वरुप गर्न सुझाएको छ। प्याराग्लाइडिङ अपरेशनका लागि दुई घण्टा समय तोक्ने, 'प्याराग्लाइडिङ जोन'को अधिकतम उचाइलाई कडाइका साथ पालन गरेर एटीसी टावरमा अत्याधुनिक प्रविधिबाट निगरानी गर्ने र कन्ट्रोल गर्न सकिने प्रतिवेदनको सुझाव दिएको छ।

त्यसैगरी दोस्रो विकल्पका रूपमा कार्यदलले साबिक क्षेत्रभन्दा अन्य क्षेत्रबाट सञ्चालन गर्न सक्ने उल्लेख गरेको छ। हाल सञ्चालनमा आइरहेको सराङकोट, तोरीपानी, मान्द्रेढुङ्गा क्षेत्रबाहेकका क्षेत्रहरूबाट प्याराग्लाइडिङ सञ्चालन गराउनु पर्दा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको एयरस्पेसभन्दा बाहिर पर्ने तर पोखरा उपत्यका आपासका क्षेत्रहरू पञ्चासे, माछापुच्छ्रे गाउँपालिका लगायतका क्षेत्रहरूबाट सञ्चालन गराउनसक्ने जनाएको छ।

विमानस्थल आयोजना प्रमुख बिनेश मुनकर्मीले अन्तर्राष्ट्रिय उडान र अवतरणमा सराङकोट क्षेत्र प्रयोग नहुने भए पनि अवतरण हुन नसकेका अवस्थामा सिधै जहाज सराङ्गकोटतर्फ उड्ने भएकाले सो ठाउँ सुरक्षाका हिसाबले त्यति उपयुक्त हुन नसक्ने धारणा राख्नुभयो। अर्कातर्फ आन्तरिक उडानको रुट नै त्यही क्षेत्र पर्ने भएकाले प्याराग्लाइडिङ सञ्चालनमा बाधा पुग्न सक्ने उहाँको भनाइ थियो। मुनकर्मीले यस विषयमा आफूहरू सकारात्मक रहेपछि जहाज उडान र अवतरणको काम निकै संवेदनशील भएकाले सुरक्षालाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो । यद्यपि, उहाँले आफू यस विषयको विज्ञ नभएकाले अहिले नै हुन्छ या हुन्न भन्नुभन्दा पनि प्राविधिक विज्ञहरूको अध्ययनपश्चात् मात्र आधिकारिक धारणाबाहिर आउँदा राम्रो हुने बताउनुभयो। परामर्श समूहका प्रमुख यम भण्डारीले समग्र अध्ययन र 'म्यापिङ' बिना नै अहिले यस विषयमा भन्न नमिल्ने बताउनुभयो। "प्राविधिक तथा हवाई सुरक्षाको अवस्था अध्ययन गरेर मात्र विकल्पहरू खोज्न सकिन्छ तर अहिले नै प्याराग्लाइडिङ सञ्चालन गर्न सकिन्छ, सकिँदैन भन्ने निष्कर्षमा जान मिल्दैन," भण्डारीले भन्नुभयो।

पोखरा र आसपास क्षेत्रमा सर्वप्रथम सन् १९९७ देखि अल्ट्रालाइट विमानबाट तथा सन् २००१ देखि यन्त्ररहित प्याराग्लाइडरबाट सेवा सञ्चालन भएको थियो । त्यसयता ७९ वटा कम्पनी सञ्चालनमा आएका छन् । प्याराग्लाइडिङ कम्पनी ७०, प्याराग्लाइडिङ फ्लाइङ स्कुल तीन, अल्ट्रालाइट कम्पनी चार र हटएयर बेलुन कम्पनी एकवटा सञ्चालनमा छन्। संस्थाका उपाध्यक्ष अनिल केसीका अनुसार हाल प्याराग्लाइडिङका ६० वटा कम्पनी सञ्चालनमा रहेका छन् । करिब रु एक अर्बको लगानी रहेको यस क्षेत्रमा पोखरामा मात्रै तीन सय ४२ जना नेपाली प्यारापाइलटले व्यावसायिक उडान भरिरहेका छन् । विदेशी प्यारापाइलट करिब १५ जना रहेका छन्। प्याराग्लाइडिङ क्षेत्रमा एक हजारभन्दा बढीले प्रत्यक्ष रोजगारी पाएको केसीको भनाइ छ।

विगत केही वर्षयता दिनानुदिन बढ्दै गइरहेको साहसिक, मनोरञ्जनात्मक उड्डयन क्रियाकलापहरूको बढोत्तरीले गर्दा यस क्षेत्रको सञ्चालन र व्यवस्थापनमा थप नयाँ समस्या र चुनौतीहरू थपिँदै गइरहेको संस्थाका सल्लाहकार शैलेन्द्र राउतले बताउनुभयो । उहाँका अनुसार उडान नियमावलीको व्यवस्था र अन्तर्राष्ट्रिय प्रचलनसमेतका आधारमा प्याराग्लाइडिङको नियमन र व्यवस्थापनका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणले गण्डकी प्रदेशभित्र सञ्चालन हुने प्याराग्लाइडिङ सेवाको प्रभावकारी नियमन र सञ्चालन गर्न/गराउनका लागि हाल नेपाल हवाई खेलकुद संस्था (ना) पोखरालाई प्राधिकारिक संस्था तोकी सोही संस्थामार्फत तोकिएका कार्यहरू सम्पादन हुँदै आएको छ।

सन् २०१७ को नोभेम्बरदेखि राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सन् २०२१ को जुलाई १० मा निर्माण सक्नुपर्ने सम्झौता थियो । चिनियाँ ठेकेदार कम्पनी सीएएमसीईले तोकिएको समय सीमाभन्दा छ महिनाअघि निर्माण सम्पन्न गरेर हस्तान्तरण गर्ने बताउँदै आए पनि कोरोनाका कारण विमानस्थलको एक वर्ष थप गरेर १० जुलाई २०२२ सम्म धकेलिएको छ।

# टेलिफोन र इन्टरनेट सेवा प्रभावकारी बनाउन समितिको निर्देशन

पोखरापत्र संवाददाता

**पोखरा, २७ साउन**

प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिले टेलिफोन र इन्टरनेट सेवा प्रभावकारी बनाउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देशन दिएको छ । समितिको सिंहदरबारमा बुधबार बसेको बैठकमा समितिका सभापति कल्याणीकुमारी खड्काले समितिका सदस्यबाट आएको सल्लाह सुझाव मनन गर्दै टेलिफोन र इन्टरनेट सेवा चाँडोभन्दा चाँडो भरपर्दो बनाउन मन्त्रालयलाई निर्देशन दिनुभएको हो।

सो अवसरमा उहाँले निर्माण तथा संशोधनका क्रममा रहेका ऐन कानूनसम्बन्धी विधेयक तत्काल सदनमा पेश गर्नसमेत नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्नुभयो। सूचना तथा प्रविधिको उपयोगलाई बढीभन्दा बढी विश्वसनीय, सुरक्षित र पहुँचयोग्य बनाउन सूचना प्रविधिको क्षेत्रमा तीव्र विकास र विस्तारका सन्दर्भमा विद्यमान ऐन नियमलाई परिस्कृत गरी वर्तमान आवश्यकता अनुरुप परिमार्जन गर्न एवं परिवर्तित सन्दर्भमा सम्पूर्ण कार्यालयलाई डिजिटल गर्ने प्रक्रिया तत्काल अघि बढाउन नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई समितिले सुझाव दिएको छ। यस्तै मोबाइल प्रयोगबाट हुने गरेको अवैध कार्य रोक्ने प्रक्रिया प्रभावकारी रुपमा कार्यान्यन गर्न समितिले मन्त्रालयको ध्यानाकर्षण गरेको छ। यसैगरी देशभरका हुलाक कार्यालय व्यवस्थित र प्रभावकारी बनाउनसमेत समितिले मन्त्रालयलाई निर्देशन दिएको छ। यसअघि बैठकमा भाग लिँदै समितिका सदस्य रामबहादुर विष्टले दुर्गम भेगका टेलिफोन सेवा अझै प्रभावकारी बन्न नसकेको गुनासो गर्नुभएको थियो।

सुदूरपश्चिमको पहाडी भेगमा रेडियो नेपालको सेवा भरपर्दो र प्रभावकारी बन्न नसकेको यथार्थ सुनाउनुभयो । "इन्टरनेट सेवा नभइ नहुने भएकाले निःशुल्क गर्नुपर्छ", उहाँले भन्नुभयो । यस्तै समितिका सदस्य केदार सिग्देलले सूचना महामार्ग निर्माणको काम अलपत्र परेको, फाइबर विछ्याउने काममा ढिलाइ भएको, फोर जी सेवा विस्तार हुन नसकेको, हुलाकमा कर्मचारी भए पनि काम नभएको, ताररहित शहर बनाउने योजना योजनामै सीमित बनेको तथा दुर्गममा मात्र नभई सुगम क्षेत्रमासमेत रेडियो नेपालको सेवा प्रभावकारी बन्न नसकेको बताउनुभयो।

समितिका अर्का सदस्य गणेश पहाडीले कोरोना महामारीका बेला विद्यालयमा इन्टरनेट सेवा पुऱ्याउन नसकेको, दुर्गममा मात्र होइन सुगममा पनि सबै क्षेत्रमा टेलिफोन सेवा भरपर्दो बन्न नसकेको, ग्रामीण दूरसञ्चार कोषको रकम प्रयोग गरी अप्टिकल फाइबर विस्तार गर्ने काम समयमै हुन नसकेको र सेक्युरिटी प्रिन्टिङ प्रेसको काम अघि नबढ्नुको कारणबारे मन्त्रालयसित जवाफ माग्नुभएको थियो। यसैगरी समितिका सदस्य सञ्जयकुमार गौतमले नेपाल टेलिकमको सेवा भरपर्दो बनाउनुपर्ने, टेलिफोनको महसुलतामा एकरुपता ल्याउनुपर्ने तथा हुलाक सेवा प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो । समितिका अर्का सदस्य रङ्गमती शाहीले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको ध्यान कर्णाली क्षेत्रमा पुग्न नसकेको गुनासो गर्नुभयो।

"रुखमा चढेर फोन गर्नुपर्ने बाध्यता अझै विद्यमान छ", उहाँले भन्नुभयो । उहाँले हुम्लामा रेडियो नेपालको समाचारदाता राख्न माग गर्नुभयो। "समाचारदाता नै नहुँदा हुम्लाकासमस्याबारेसिंहदरबारजानकार छैन", सांसद शाहीले भन्नुभयो। यस्तै समितिका सदस्य टेकबहादुर बस्नेतले 'नागरिक एप' प्रभावकारी बनाउन सुझाव दिनुभयो।

# अवैधरूपमा उत्खनन गरी निकालिएको बालुवा लिलाम गरिने

पोखरापत्र संवाददाता

**पर्वत, २७ साउन**

पर्वतको जलजला गाउँपालिकाले कालीगण्डकी नदीबाट अवैधरूपमा उत्खनन गरी निकालिएको बालुवा र गिट्टी लिलाम गर्ने भएको छ।

सर्वोच्च अदालतको अन्तरिम आदेशविपरीत कालीगण्डकी नदीको बगरबाट अवैधरूपमा उत्खनन भएको बालुवा सो गाउँपालिकाले जफत गरी लिलाम गर्ने भएको हो । गाउँपालिकाको मङ्गलबार बसेको कार्यपालिका बैठकले बर्खायाममा कालीगण्डकी नदीको बगरबाट उत्खनन भएको बालुवा प्राविधिक टोलीबाट नापजाँच र मूल्याङ्कन गरी प्रतिस्पर्धाबाट बढीबढाउमा लिलामी गर्ने निर्णय गरेको हो।

यसअघि गत असार ५ गतेको कार्यपालिका बैठकले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७७ को दफा (४) १३ बमोजिम ठेक्का लगाउने निर्णय कार्यान्वयनका क्रममा सर्वोच्च अदालतले फैसला नहुँदासम्मका लागि कालीगण्डकीको बगर उत्खनन रोक्न तिनै तहका सरकार र तिनका निकायलाई अन्तरिम आदेश जारी गरेपछि रोकिएको थियो।

सङ्घीय, प्रदेश र स्थानीय सरकारको निर्णय अटेर गरी व्यवसायीले नदी उत्खनन गरेर भण्डारण गरेको बालुवालगायत नदीजन्य सामग्री जफत गरी सार्वजनिक खरिद ऐनअनुसार लिलाम गर्न लागिएको गाउँपालिकाका अध्यक्ष यामबहादुर मल्लले बताउनुभयो । "यसअघि पटकपटक बन्द गराए पनि अटेरी गरेर मिलनचोकमा सञ्चालन गरेको अवैध क्रसर बन्द गराउन, उत्खनन रोक्न र त्यहाँका सामग्री जफत गर्न प्रहरी प्रशासनलाई पत्राचार गर्ने निर्णय गरेका छौँ" उहाँले भन्नुभयो, ' त्यस्ता अवैध क्रसर उद्योगको विद्युत् लाइन काट्न पनि पत्राचार गर्छौं ।" जलजलाको लामाखेत, मिलनचोक, केराबारी, लस्ती, फर्सेलगायतका ठाउँमा एक्साभेटरको प्रयोग गरी कालीगण्डकीबाट ठूलो परिणाममा बालुवा निकालेका छन् । बर्खायामको तीन महिनामा बगेर खेर जाने बालुवालाई आयस्रोतका रूपमा रुपान्तरण गर्ने, चोरी निकासी रोक्ने उद्देश्यले न्यूनतम रु तीन करोड बराबरको नदीजन्य वस्तु उत्खनन र निकासी गर्न गाउँपालिकाले अघि बढाएको ठेक्का प्रक्रिया सर्वोच्चको अन्तरिम आदेशपछि रोकिएको थियो । कार्यपालिका बैठकले जलजलाको हालका ५, ६, ७ र ८ नं वडालाई दुई/दुई वटामा विभाजन गर्ने र नगरपालिकामा स्तरोन्नति गर्ने गाउँसभाको निर्णय कार्यान्वयनका लागि प्रदेश र सङ्घीय सरकारलाई सिफारिश गर्ने, गाउँपालिकाका सबै कर्मचारीलाई दिवाकालीन खाजाको व्यवस्था गर्ने निर्णय गरेको छ।

गाउँपालिकाका प्रवक्ता देविन्द्र भण्डारीले लामाखेतमा इलाका प्रहरी कार्यालय बनौ र मल्लाजमा प्रहरी चौकी स्थापना गर्न गृह मन्त्रालयमा माग गर्ने, वडा नं ८ नाग्लीबाङका वडाध्यक्ष हरिविकास जिसीको नेतृत्वमा नाग्लीवाङ स्वास्थ्य चौकीअन्तर्गत सञ्चालन हुने गरी समुदायस्तरबाट सङ्कलित रकमसहित तथा लेकफाँट र शालीजाका लागि गाउँपालिकामार्फत खरिद हुन लागेका दुईवटा एम्बुलेन्सको भन्सार छुटको व्यवस्था मिलाउन प्रक्रिया अघि बढाउने निर्णय पनि गरेको उहाँले बताउनुभयो।

यसैगरी बैठकले फर्से र डाँडाखोरको स्वास्थ्य एकाइमा स्थायी दरबन्दी सिर्जना गराउन, लुप्राङ, पूर्णगाउँको ओरखरबोट, बारीबेनी र मिलनचोकमा थप स्वास्थ्य एकाइ स्थापनाका लागि दरबन्दी व्यवस्था मिलाउन प्रदेश र सङ्घीय सरकारको स्वास्थ्य मन्त्रालयमा प्रस्ताव गर्ने निर्णय गरेको छ।

धाइरिङको कीराखोरका पहिरापिडीतलाई भुरुङजा र डडुवाको चौरमा स्थानान्तरण गर्न जग्गा प्राप्ति प्रक्रिया अघि बढाउने र अन्य ठाउँका पहिरापिडीतलाई सामुदायिक भवन तथा सार्वजनिक जग्गामा अस्थायी टहरा बनाएर बसोबासको व्यवस्था मिलाउने निर्णय पनि कार्यपालिकाको बैठकले गरेको बताइएको छ।

# मोडेल भिलेज गाउँमा घरघरमा बाख्रा दैलोदैलोमा तरकारी

–वासुदेव पौडेल
गण्डकी, २७ साउन (रासस)

पोखराको उत्तरपूर्वी भेगस्थित काहुँखोलाबाट पाँच/छ किलोमिटरको दूरीमा रहेको गाउँ हो ठूलास्वाँरा।

कास्कीको मादी गाउँपालिका-५ स्थित यो गाउँलाई आजभन्दा ११ वर्षअघि लायन्स क्लब अफ पोखरा फिस्टेलले नमूना उद्यमी गाउँ 'मोडल भिलेज' घोषणा गरेको थियो । लायन्स फिस्टेल भिलेजको रूपमा स्थापित गरी यस गाउँमा लायन्सका तर्फबाट प्रत्येक वर्ष विविध कार्यक्रम गरिँदै आएको छ । लायन्सकै प्रेरणाले आज ठूलास्वाँरा उद्यमी गाउँका रूपमा विकास हुँदै गएको छ।

विगतमा समाजमा बोल्न लजाउने सर्वसाधारण अहिले भने हाक्काहाक्की आफ्ना कुरा राख्ने र समाजको नेतृत्व गर्न सक्ने भएका छन्। ११ वर्षअघि यहाँका ६० घर परिवारलाई लक्षित गरी प्रत्येकको आयआर्जनमा वृद्धि गर्नुका साथै व्यावसायिक दक्षता अभिवृद्धि तथा रोजगारीमूलक कार्यतर्फ लायन्सले अभिप्रेरित गरेको थियो।

क्लबको सक्रियतामा विभिन्न गैरसरकारी सङ्घ संस्थाको सहकार्यमा यहाँका स्थानीयवासीलाई विभिन्न सीपमूलक तालीम प्रदान गरिँदै आएको छ। क्लबका पूर्व अध्यक्ष तीर्थलाल श्रेष्ठका अनुसार सन् २०१० मा ठूलास्वाँरामा रहेका ६० घरपरिवारलाई प्रतिपरिवार दुई/दुई वटा बाख्रा तीन वर्षमा फिर्ता गर्ने गरी वितरण गरिएको थियो । बाख्रासँगै फलफूलका बिरुवा, डाँले घाँस, तरकारीको बिउबिजन, प्रत्येक घरलाई एक/एक डस्बिन, सोलर लाइटलगायत वितरण गरिएको थियो । तीन वर्षमा फिर्ता गर्ने गरी वितरण गरिएका बाख्रा तथा त्यससँगै वितरण गरिएको फलफूलका बिरुवा र डाले घाँसका कारण अन्तत यहाँका स्थानीयवासीमा उद्यमशीलता वृद्धि भई अहिले घरघरमा बाख्रा तथा दैलोदैलोमा तरकारी सम्भव भएको छ। लायन्सका प्रत्येक वर्ष हुने गरेका गतिविधिका कारण पछिल्ला समयमा यहाँका स्थानीयवासीमा जागरुकता वृद्धि हुनुका साथै व्यक्तित्व विकासमा पनि टेवा पुगेको स्थानीयवासीको अनुभव छ । लायन्सका तर्फबाट ठूलास्वाँरालाई लायन्स भिलेज छनोट गरी आयआर्जनका कामतर्फ अभिप्रेरित गर्दा दिनानुदिन यो गाउँ नमूना बन्दै गएको मादी गाउँपालिका-५ का वडाध्यक्ष रतनबहादुर गुरुङले बताउनुभयो। समाज परिवर्तनमा लायन्सले खेलेको भूमिका प्रशंसायोग्य भएको उहाँको भनाइ छ । यस क्षेत्रको विकासका लागि स्थानीय तहका तर्फबाट आफूहरूको सक्दो सहयोग हुने उहाँले बताउनुभयो । क्लबले ठूलास्वाँरास्थित श्री विद्याज्योति आधारभूतविद्यालयमाअध्ययनरत विद्यार्थीलाई विगत ११ वषदेखि प्रत्येक वर्ष स्टेशनरी, विद्यालय पोशाक, खेलकूद सामग्रीका साथै विद्यालय भवन निर्माण, फर्निचर, कम्प्युटर, यूरोगार्डलगायतमा सहयोग गर्दै आएको क्लबका पूर्व अध्यक्ष एवं डिष्ट्रिक्टका सिनियर एडभाइजर बाबुराम गिरीले बताउनुभयो।

यसवर्ष पनि फिस्टेलले विद्यालयमा स्टेशनरी, खेलकूद सामग्री, बाल्टी, विभिन्न जातका फलफूलका बिरुवा आदि वितरण गरेको क्लबका अध्यक्ष पदमबहादुर केसीले जानकारी दिनुभयो । लायन्सको सहयोगमागाउँमाउद्यमशीलताको विकाससँगै केही गर्नुपर्छ भन्ने भावना बढेर गएको स्थानीय समाजसेवी ठूलास्वाँरा सामूदायिक होमस्टेका अध्यक्ष कृष्ण गुरुङले बताउनुभयो । "एघार वर्षअघि क्लबका तर्फबाट बाख्रा, डालेघाँस आदि वितरण गरेसँगै यसतर्फ यहाँका सर्वसाधारण आकर्षित बनेका छन्", उहाँले भन्नुभयो, "अहिले अधिकांश घरमा बाख्रापालन गरिनुका साथै घरघरमा तरकारी तथा फलफूल लगाउने क्रमले तीव्रता पाएको छ ।" स्थानीयवासीमा व्यावसायिकताको विकाससँगै अघिल्लो वर्षदेखि घरवास कार्यक्रम पनि सञ्चालनमा ल्याइएको बताउँदै उहाँले कृषितर्फको आकर्षणलाई अझै बढाउन राज्यका तर्फबाट आधुनिक कृषि तालीमका साथै कृषिजन्य उपकरण आदिमा अनुदान दिनुपर्ने आवश्यकता औँल्याउनुभयो। होमस्टेमा आउने पर्यटकले यहाँको प्राचीन संस्कार संस्कृतिको अनुभव गर्नुका साथै प्राङ्गारिक उत्पादनको स्वाद चाख्न पाउने र पोखरासहितका रमणीय दृश्य एकसाथ अवलोकन गर्न पाउने उहाँले बताउनुभयो।

समुदायमा दीगो रोजगारीको अवसर र समान आर्थिक पहुँच पुऱ्याउने दीर्घकालीन लक्ष्य लायन्सले राखिएको लायन्स मोडेल भिलेज कास्कीका संयोजक टीकाराम सापकोटाले बताउनुभयो । यसका लागि स्थानीय जागरुकता पनि उत्तिकै आवश्यक भएको उहाँको भनाइ छ।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

# खयरभारानीका सेवक, जसले समाधिका लागि आफूले विकास गर्न खोजेको ठाउँ रोजे

पोखरापत्र संवाददाता
म्याग्दी, २७ साउन

बेलायती गोर्खा सैनिकबाट सेवानिवृत्त भएपछि जन्मथलोको विकासमा श्रम, सीप र धन खर्चेका जिल्लाको अन्नपूर्ण गाउँपालिका-५ पाउद्वारका राजु पुन र उहाँकी श्रीमती गीताले मृत्युपछि समाधिका लागि आफैँले विकास गर्न खोजेको ठाउँलाई रोज्नुभएको थियो।

एक दशकदेखि धार्मिक पर्यटकीय सम्भावना बोकेको खयरभारानी र खोपाराको विकासमा नेतृत्व गरिरहेका पुनले उपचारका क्रममा गत हप्ता काठमाडौँमा दिवङ्गत भएकी श्रीमती गीताको शव मङ्गलबार हेलिकोप्टरबाट ल्याएर इच्छाइएको ठाउँमा लगेर समाधि गराउनुभएको छ। "हामी दम्पतीले टुटुङ्गाको डाँडामा समाधि गर्ने ठाउँ खोजेका थियौँ, श्रीमती दिवङ्गत भएपछि उनको इच्छानुसार यहीँ ल्याएर समाधि गरेको हो", राजुले भन्नुभयो, "मलाई पनि यहीँ ल्याएर समाधि गर्न परिवार र आफन्तलाई भनेको छु ।" बाइस वर्ष सेवा गरेपछि बेलायती गोर्खा सैनिकबाट सेवानिवृत्त हुनुभएका ६९ वर्षीया लेफ्टिनेन्ट राजु विसं २०६८ देखि भौगोलिकरूपमा दुर्गम क्षेत्रमा पर्ने ओझेलमा परेको खयरभारानी क्षेत्रको पूर्वाधार विकास, प्रचार र तीर्थालुको सेवामा समर्पित अगुवा हुनुहुन्छ ।विश्वकै विकसित र सुविधासम्पन्न देश बेलायतको सरकारबाट पाएको आवासीय सुविधा छाडेर दुर्गम ठाउँको विकासमा लाग्नुभएका राजुलाई सघाउन नेपालमै रहेकी गीताको गत हप्ता काठमाडौँको ग्राण्डी अस्पतालमा उपचारका क्रममा निधन भएको थियो । बेलायतमा रहेका छोरीहरू सोमबार नेपाल आएपछि गीताको शवलाई समाधिका लागि एयर अल्टिच्युटको हेलिकोप्टर चार्टर गरेर ल्याइएको हो । समाधि गर्ने ठाउँभन्दा एक घण्टा पैदल हिँडेपछिपुगिने दहमा अवतरण गरेको गीताको शव बोकेको हेलिकोप्टर मौसम खराबीका कारण मङ्गलबार काठमाडौँ फर्कन सकेन । मौसमकै कारण अन्नपूर्ण गाउँपालिकाको घारमा अवतरण गरेको उनीहरूका चार बहिनी छोरी चढेको हेलिकोप्टर त्यहीँबाट काठमाडौँ फर्किएको थियो। समाधिका लागि पाउद्वारका बासिन्दा, दाजुभाइ र आफन्त सोमबार नै खोपारामा गएर बास बसेका थिए । पाउद्वारबाट खोपारा पुग्न पूरै दिन उकालोमा पैदलयात्रा गर्नुपर्छ । पाउद्वारका लीलबहादुर पुनले राजुका दम्पतीले समाधिका लागि पनि खयर क्षेत्र रोज्नुलाई उहाँहरूको यस क्षेत्रको विकासप्रतिको लगावलाई पुष्टि गर्ने बताउनुभयो । "सुख, सुविधा बिर्सिएर यस्तो दुर्गम ठाउँलाई विकास गराउन उहाँले धेरै योगदान गर्नुभएको छ", लीलबहादुरले भन्नुभयो, "मत्युपछि पनि यही ठाउँ रोजेर उहाँले देखाएको लगाव र समर्पण सम्मानयोग्य, उदाहरणीय र प्रेरणादायी छ ।" राजुको नेतृत्वमा 'खयरभारानी थान तथा क्षेत्र संरक्षण कोष' मार्फत दाताबाट करोडौँ सहयोग जुटाएर पदमार्ग निर्माण/सुधार, थान (मन्दिर) र धर्मशाला निर्माण भएको छ । म्याग्दीकै पर्यटकीयस्थल पुनहिलमा मेजर टेकबहादुर पुनको स्मृतिमा भ्यूटावर बनाउने कामको नेतृत्व गरेका राजुको अगुवाइमा खयर क्षेत्रमा निर्माण भएका पूर्वाधारले पर्यटक र तीर्थयात्रीलाई सहज भएको छ । स्थानीयवासीले आफन्तको नाममा पाउद्वारबाट खोपारा हुँदै चार हजार ७०० मिटर उचाइमा रहेको खयरभारानी ताल जाने १० किलोमिटरभन्दा बढी दूरीको पदमार्ग र चौतारी बनाएका छन् । कोषले स्वदेश तथा विदेशमा सहयोग जुटाएर खोपारा र खयर क्षेत्रको पूर्वाधार विकासमा रु डेढ करोडको हाराहारीमा लगानी गरेको छ। समुद्री सतहबाट चार हजार ७०० मिटर उचाइमा मुटु आकारमा रहेको खयरभारानी तालमा जनै पूर्णिमाका दिन पूजाआजा र भाकल गरेमा मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ । तीन हजार ६६० मिटर उचाइमा अवस्थित खोपारा हिमशृङ्खला, सूर्योदय, ग्रामीण जीवनशैली झल्काउने भेडा, चौँरीगोठ, जैविक विविधता र प्राकृतिक सौन्दर्यले भरिपूर्ण गन्तव्य हो ।पदमार्ग निर्माण भएपछि पर्यटक, पाहुना र भक्तजन उकालो, चिप्लो, साँघुरो बाटोमा चिप्लने, लड्ने र बाटो बिराएर हराउने समस्या हटेको छ । आश्रयस्थल भएपछि खान र बस्नका लागि सहजतासँगै सुरक्षित भएको पाउद्वारका दलप्रसाद तिलिजाले बताउनुभयो।

# भुजीखोलाको बाढीले बगाएका १७ घर पुनःनिर्माण

पोखरापत्र संवाददाता
बलेवा, २७ साउन

गत वर्षको भदौ १७ गते भुजीखोलामा आएको बाढीसँगैको पहिराले पूर्ण क्षति भएका निजी आवास पुनर्निर्माण गर्न थालिएको छ । झण्डै एक वर्ष अर्काको घरमा शरणमा बसेका पीडितले नगरपालिकाको सहयोगमा पुनःनिर्माण गर्न थालेका हुन्।

बागलुङको ढोरपाटन नगरपालिका-९ बोबाङका बाढीपहिरो पीडितका लागि नगरपालिकाले आवास निर्माण गर्न सहयोग गरेकाले काम अघि बढाइएको स्थानीय पीडित लालमाया घर्तीले बताउनुभयो । सङ्घीय सरकार र प्रदेश सरकारको कार्यक्रम पर्खिएकामा नगरपालिकाले विलम्ब भएको भन्दै दामासाहीले पीडितहरूलाई अनुदान उपलब्ध गराएर घर निर्माण गर्न लगाएको हो।

बाढी-पहिरापछि दाताहरूबाट सङ्कलित झण्डै रु दुई करोड ४६ लाख सहयोग र नगरको बजेट समेतबाट ९७ पीडित परिवारका घर निर्माणको काम थालिएको नगरप्रमुख देवकुमार नेपालीले बताउनुभयो । बाढी र पहिराका कारण विस्थापित १३० परिवार घर पूर्ण क्षति भएकामा ९० घरपरिवारले धमाधम घर बनाइरहेका छन् । आंशिक क्षति भएर पनि बस्न नमिल्ने अवस्थामा रहेका सात घर पनि प्राप्त भएको रकमले बन्दैछ । "प्रत्येक घरका लागि दुई लाख रुपैयाँका दरले अनुदान उपलब्ध गराएका छौँ, सोही रकमबाट उहाँहरू घर बनाउँदै हुनुहुन्छ", उहाँले भन्नुभयो, "सरकारले दिने भनेको अनुदानमा प्रक्रिया पुऱ्याउनै कठिन भएकाले तत्कालको समस्या टार्नेतर्फ लाग्यौँ ।" "एकपटक ५० हजार दिएको थियो, फेरि एक लाख ५० हजार दियो, के गर्ने त्यतिले घर बन्दैन, नाक र कानमा लगाएको सुन बेचेरै भए पनि घर बनाउँदैछु", वडा नं.९ बोबाङकी पीडित लालमाया घर्तीले भन्नुभयो, "उता बाढी यता पहिराको डर, छिमेकीको जग्गामा घर बनाउन लागेकी छु, त्यो पनि उधारोमा जग्गा लिएर।"

सरकारले सङ्घ, प्रदेश र स्थानीय तहको साझेदारीमा पहाडी क्षेत्रमा बाढी-पहिराका कारण पूर्ण क्षति भएका घरका लागि रु चार लाख अनुदान दिने नीति बनाएको थियो, जस्मा मनसुनजन्य विपत् प्रभावित पुनर्निर्माण पुनर्स्थापना कार्यक्रमअन्तर्गत सङ्घीय सरकारको ६०, प्रदेश सरकारको ३० र स्थानीय सरकारको १० प्रतिशत सहभागिमा मात्रै अनुदान दिने व्यवस्था छ। सो नीतिअनुसार स्थानीय तहले प्रक्रिया पुऱ्याउन नसक्दा अनुदान उपलब्ध गराउन नसकिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

"असारको अन्तिममा बजेट आयो, फ्रिज नहुने बजेट हो", उक्त कार्यालयका सूचना अधिकारी गणेश गौतमले भन्नुभयो, "प्राविधिकले अध्ययन गरेर सूची तयार पार्ने र एप्लिकेशनमा प्रविष्ट गर्ने काम गर्नुभएको छ, सोहीअनुसार अनुदानको कार्यक्रम अघि बढ्छ"।

बडिगाड गाउँपालिकाका ३१ लाभग्राहीको भुक्तानी प्रक्रिया सुरु भएको छ । दुई पालिकाबाहेकका पालिकाका पीडितहरूको फाइल तयार गर्न स्थानीय तहले ढिलाइ गरेका कारण अनुदान रोकिएको उहाँले बताउनुभयो। नगरपालिकाले पनि अनुदानका लागि एप्समार्फत भर्नुपर्ने विवरण भरेर फाइल तयार गरेको छैन। गत वर्ष भदौ १७ गते भुजीखोलामा आएको बाढी-पहिराबाट २२ को मृत्यु र १५ जना बेपत्ता भएका थिए।


**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**हुलाक सेवा विभाग**
**हुलाक निर्देशनालय, पोखरा**

**डाँक ढुवानीको लागि शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०७८।४।२८**

हुलाक निर्देशनालय पोखरा कास्की २०७८।४।८ गते प्रथम पटक सूचना प्रकाशित गर्दा निर्धारण गरेको समय तालिका अनुसार उल्लेखित प्याकेजहरुमा शिलबन्दी दरभाउपत्र को माध्यमबाट आ.ब. ०७८/०७९ को लागी डाकँ ढुवानी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सूचनामा उल्लेखित छुट्टा छुट्टै प्याकेजहरुको लागि प्रत्येक प्रखण्डहरुमा रुट ईजाजत प्राप्त कम्तीमा २ वटा चार पाङ्गे सवारी साधन वा सो भन्दा ठुला सवारी साधन भएका ईच्छुक फर्म, कम्पनी र ब्याक्तिहरुबाट उल्लेखित शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र आह्वानको ७ दिने सूचना प्रकाशित गरिएको छ । सूचनाको बिस्तृत जानकारीका लागि यस कार्यालयको website www.pokhara.postalservice.gov.np बाट डाउनलोड गरी हेर्न सकिनेछ।



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

**हार्दिक श्रद्धाञ्जली**



जन्मः
वि. स. २०२४/१२/११ गते

स्वर्गारोहणः
वि.स. २०७८/०४/२२ गते

**स्वः माया श्रेष्ठ**

हाम्रो यस 'फूलबारी नेवाः गुठी' पोखरा–११ का सदस्य पोखरा–१५ निवासी आदरणीय भक्तमान श्रेष्ठीकी धर्मपत्नी **माया श्रेष्ठ** को ५४ वर्षको उमेरमा असामयीक निधन भएकोमा गुठी परिवार अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको दिवंगत आत्माको बैकुण्ठवास एवं चीरशान्तिको कामना गर्दै आज सातौ दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै शोकसन्तप्त परिवारजनप्रति यस दुःख र पिडाको कठिन घडीमा धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौँ।

अध्यक्ष- शान्त कुमार श्रेष्ठ
सचिव- शान्तरत्न गुभाजू
कोषाध्यक्ष- नारायण श्रेष्ठ
सक्रिय सदस्य- महेश कुमार श्रेष्ठ
सदस्यहरूः

गोपीमान श्रेष्ठ
देव कुमार श्रेष्ठ
बाबुराम श्रेष्ठ
संजिव श्रेष्ठ
राधाकृष्ण श्रेष्ठ
क्या. गणेश कुमार श्रेष्ठ
सूर्य श्रेष्ठ

रत्नमान श्रेष्ठ
अधिवक्ता- सोम बहादुर श्रेष्ठ
गुप्तमान श्रेष्ठ
बसन्त श्रेष्ठ
मान कुमार श्रेष्ठ
ध्रुव श्रेष्ठ
रवि सुन्दर श्रेष्ठ

उत्तम कुमार श्रेष्ठ
कृष्ण मानान्धर
डिल्लुराम श्रेष्ठ
प्रताप श्रेष्ठ

तथा
फूलबारी नेवाः गुठी परिवार